# स्थानीय राजपत्र

## तिनाउ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८, भाग २, संख्या १, मिति २०८२ आश्विन ०८ गते


## भाग-२

## तिनाउ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय, दोभान, पाल्पा

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### तिनाउ गाउँपालिकाको हलगोरु पाल्ने किसानलाई उपलब्ध गराउने अनुदान कार्यक्रम सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावनाः**

गोरु पाल्ने र जोत्ने परम्परा हट्दै जान थालेपछी यसको संरक्षण गर्न तथा गोरु पाल्ने क्रम घट्दा जग्गा बाँझो हुने क्रम बढेपछि कृषकलाई प्रोत्साहनका लागि यस कार्यक्रम गर्न लागिएको हो। धार्मिक, सांस्कृतिक, जैविक र पर्यावरणीय महत्व बोकेको स्थानिय जातको गोरु पाल्ने किसानलाई प्रोत्साहन गर्ने र स्थानिय जातको पशुको आनुवाँशिक स्रोत संरक्षण गर्दै जैविक मलको माध्यमद्वारा जग्गा जमिनको उब्जाउ क्षमता समेत संरक्षण गर्ने तथा तिनाउ गाउँपालिका क्षेत्र भित्रका किसानहरुको आर्थिक स्थिति कमजोर भएका कृषकहरुलाई तिनिहरुको आर्थिक स्थितिमा सुधार ल्याउन कानुनी व्यवस्था गर्न बाञ्छनीय भएकोले तथा तिनाउ गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७६ को दफा ३ बमोजिम तिनाउ गाउँपालिकाको गाउँकार्यपालिकाद्वारा यो कार्यविधि तर्जुमा गरेको छ।

**१. प्रारम्भिकःसंक्षिप्त नाम र प्रारम्भः**

यो कार्यविधिको नाम "**हलगोरु पाल्ने किसानलाई उपलब्ध गराउने अनुदान कार्यक्रम सम्बन्धी कार्यविधि २०८२**" रहने छ।

क) यो कार्यविधि तिनाउ गाउँपालिका गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "कार्यालय" भन्नाले तिनाउ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दोभान, पाल्पा लाई सम्झनु पर्छ।

ख) "कार्यक्रम" भन्नाले हलगोरु जोत्नेगरी पाल्नेलाई अनुदान कार्यक्रम सम्झनु पर्छ।

ग) "शाखा" भन्नाले तिनाउ गाउँपालिका पशु सेवा शाखा लाई सम्झनु पर्छ।

घ) "कार्यदल" भन्नाले यस कार्यविधि बमोजिम गठन हुने कार्यदल समिति सम्झनु पर्छ ।

ङ) "कार्यविधि" भन्नाले **हलगोरु पाल्ने किसानलाई उपलब्ध गराउने अनुदान कार्यक्रम सम्बन्धी कार्यविधि २०८२** सम्झनु पर्दछ।

च) "गोरु" भन्नाले खेत बारिमा जोत्न योग्य स्थानिय जातको गोरुलाई सम्झनु पर्दछ।

**३. कार्यक्रमको उद्देश्यः**

कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ

क) स्थानिय जातको गोरुको संरक्षण गर्ने

ख) खेत बारि बाझो हुन बाट जोगाउने

ग) प्रांगारिक मलबाट किसानलाई कृषिमा आत्मनिर्भर बनाउने

घ) आय स्थर कमजोर भएको किसानलाई लक्षित गरि कार्यक्रम गर्ने

**४. कार्यक्रमको क्षेत्र सम्बन्धि व्यवस्था**

कार्यक्रमको क्षेत्र तिनाउ गाउँपालकाको सम्पूर्ण वडा रहनेछ।

**५. कार्यक्रम संचालन प्रकृयाः**

क) तिनाउ गाउँपालिकाको कार्यालयले कार्यक्रमको प्रस्ताव सम्वन्धि सूचना (अनसुची-१) बमोजिम कम्तिमा १५ दिनको म्याद राखी सूचना प्रकाशन गर्नु पर्नेछ र सो सूचना गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयमा समेत टाँस गर्नुपर्नेछ।

ख) कार्यालय बाट प्रकाशन भएको सूचना बमोजिम निवेदकले अनसुची-२ बमोजिम निवेदन सोझै तिनाउ गाउँपालिका पशु सेवा शाखामा दर्ता गराउन सक्नेछन।

ग) दर्ता भएका कृषकको छनोट यसै कार्यविधि बमोजिम गठन भएको कार्यदल समितिले गर्नेछ।

घ) निस्चित मापदण्ड पुगेका साथै कार्यदल समिति बाट छनोट भएको लाभग्राहिलाई प्रदान गरिने अनुदान रकम सोझै लाभग्राहिको बैंक खातामा भुक्तानि गरिनेछ।

ङ) अनुदान रकम तिनाउ गाउँकार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

**६. कृषक छनोटको आधार तथा मापदण्ड**

कृषक छनोटको आधार तथा मापदण्ड देहाय बमोजिम हुनेछ।

क) पशुपालन व्यवसायलाई अंगाल्न सक्ने अभिरुचि भएको।

ख) खेतमा सम्पूर्ण खेत जोत गर्ने काम गोरुले गर्ने किसान हुनुपर्नेछ।

ग) कम्तिमा एक हल स्थानिय जातको गोरु हुनुपर्नेछ।

घ) सूचना प्रकाशन हुनु भन्दा कम्तिमा ६ महिना अगाडि देखि सो गोरु पालेको हुनु पर्नेछ।

ङ) कुनै पनि निकायबाट हाते ट्याक्टर अनुदानको रुपमा नलिएको एवं **दोहोरो सुविधा नलिएको हुनुपर्नेछ ।**

च) गोरुको उमेर तिन वर्ष देखि बाह्र वर्षको हुनु पर्नेछ।

छ) अनुदान प्राप्त गर्ने किसानले गोरुको अनिवार्य बिमा गरेको हुनु पर्नेछ ।

ज) एउटा अनुदानग्राहीको दुई भन्दा बढी संख्यामा गोरु भएता पनि एक हल गोरु मात्र गणना हुनेछ।

**७. छनोट तथा कार्यान्वयन समितिः**

यस कार्यक्रमको कार्यान्वयन तथा कृषक छनोट गर्न देहाय बमोजिमको एक कार्यक्रम कार्यन्वयन कार्यदल समिति गठन हुनेछ।

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | - संयोजक |
| ख) गाउँपालिका उपाध्यक्ष | - सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | — सदस्य |
| घ) सम्बन्धित वडाको वडाअध्यक्ष | –सदस्य |
| ङ) कृषि विकास शाखा प्रमुख | —सदस्य |
| च) पशु सेवा शाखा प्रमुख | —सदस्य सचिव |

**८. अनुगमन सम्बन्धि व्यवस्थाः**

यस कार्यक्रमको अनुगमन गाउँपालिकाको कार्यक्रम कार्यन्वयन कार्यदल समिति, अनुगमन समिति, वडा समिति र सम्बन्धित विषयगत शाखाले गर्नेछ।

**९. थपघट वा हेरफेर गर्न सक्नेः**

यो कार्यविधिको कार्यन्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन तिनाउ गाउँ कार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट हेरफेर तथा खारेज गर्न सक्नेछ।

**१०.बाधा अडकाउ फुकाउः**

यस कार्यविधिको कार्यन्वयनमा कुनै बाधा अडचन परेमा कार्यदल समितिले निर्णय गरी त्यस्तो बाधा अडचन फुकाउन सक्नेछ।

**अनसूचि-१**

**तिनाउ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**दोभान पाल्पा**

**सुचना !** **सूचना !!** **सूचना !!!**

अनुदान कार्यक्रममा सहभागी हुन निवेदन प्रस्ताव आव्हान सम्बन्धि सूचना

तिनाउ गाउँपालिका पशु सेवा शाखाको आ.व..................... को वार्षिक स्वीकृत कार्यक्रम **हलगोरु पाल्ने किसानलाई उपलब्ध गराउने अनुदान कार्यक्रमका** लागि ईच्छुक कृषिकले सूचना प्रकाशन भएको मिति बाट १५ दिन भित्रमा तपशिल बमोजिमको कागजात सहित निवेदन दिनुहुन यो सूचना प्रकाशन गरीएको छ।

तपशिलः

क) नेपाली नागरिकताको प्रतिलिपि-१ प्रति।

ख) कुनै पनि सरकारी कार्यालय बाट हाते टयाक्टर नलिएको स्व घोषणा पत्र।

ग) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

घ) हलगोरु सहितको सेवा ग्राहीको फोटो एक प्रति।

......................

प्रमुख प्रशासकीय अधिकृत

नोटः निवेदन दिने अन्तिम म्याद सार्वजनिक विदा परेमा भोलिपल्ट कार्यालय समय भित्र निवेदन पेश गर्न सकिनेछ।

## अनसुचि-२

मितिः / /

श्री कार्यालय प्रमुख ज्यू
तिनाउ गाउँपालिका पशु सेवा शाखा
दोभान पाल्पा

विषयःहलगोरु जोत्ने गरी पाल्नेलाई अनुदान कार्यक्रममा सहभागी गरिदिने सम्बन्धमा।

म बिगत...........महिना/वर्ष देखि नै जोत्ने प्रयोजनको लागी गोरुपालन गर्दै आइरहेको कृषक भएको हुदा तिनाउ गाउँ कार्यपालिकाको कार्यालयले मितिः...................... गते प्रकाशित शूचना बमोजिम हलगोरु जोत्ने गरी पाल्नेलाई अनुदान कार्यक्रममा सहभागी गराईदिनुहुन तपशिल बमोजिमको कागजात सहित यो निवेदन पेश गर्दछु।

पालिएको गोरुको संख्या तथा उमेरः

तपशिलः

क) नेपाली नागरिकताको प्रतिलिपि-१ प्रति।
ख) कुनै पनि सरकारी कार्यालय बाट हाते ट्याक्टर नलिएको सो घोषणा पत्र।
ग) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
घ) हलगोरु सहितको सेवा ग्राहीको फोटो एक प्रति।

निवेदकको
नामः
ठेगानाः
दस्तखतः
सम्पर्क नं.:

**मिति २०८२।०५।१३ गते**

**आज्ञाले**
**दिनेश सारु**
**प्रमुख प्रशासकीय अधिकृत**